गतिशील एनआरएनए, भिजनरी नेतृत्व



# गैरआवासीय नेपाली संघको

# केन्द्रीय अध्यक्ष पदका उम्मेदवार

# कुल आचार्यको

# संक्षिप्त प्रतिबद्धता पत्र

मातृभूमिमा समृद्धि, कर्मभूमिमा संस्कृति

## आदरणीय गैरआवासीय नेपाली साथीहरूमा मेरो सादर नमस्कार!

आगामी अक्टोबर महिनाको १५ देखि १७ तारिखसम्म काठमाडौँमा हुन गइरहेको नवौं विश्व सम्मेलन अघि संघका ८० वटै राष्ट्रिय सम्मेलन र राष्ट्रिय समन्वय परिषद्को नेतृत्व चयन प्रक्रिया सम्पन्न भइसकेको छ। भर्खरै सम्पन्न राष्ट्रिय सम्मेलनबाट राष्ट्रिय समन्वय परिषद्को नेतृत्वमा निर्वाचित तथा विश्व सम्मेलनका लागि चुनिनु भएका सम्पूर्ण प्रतिनिधि साथीहरू लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु।

हाम्रा अग्रजहरूले दूरगामी "भिजन" र मातृभूमिको विकासमा योगदान गर्ने उद्देश्यका साथ स्थापना गरिएको एनआरएनएलाई मौलिक दृष्टिकोण र ठोस प्रतिवद्धताका साथ अगाडि बढाउने "भिजनरी" नेतृत्व आजको आवश्यकता हो । त्यसैले संस्थाको भिजन र उद्देश्यलाई मार्ग निर्देशक सिद्धान्त मानेर अग्रज तथा बौद्धिक समुदायको सुझावलाई आत्मसात गर्दै संस्थालाई अझ गतिशील, सशक्त, संस्थागत र समावेशी बनाउने संकल्प गरेको छु।

आसन्न विश्व सम्मेलनको पूर्वसन्ध्यामा एनआरएनको उद्देश्य, भूमिका, भविष्य, नेतृत्व र चुनौतीका बारेमा आफ्ना केही दृष्टिकोण र प्रस्तावहरू साथीहरू समक्ष राख्न चाहन्छु।

### १. मातृभूमिको समृद्धि : लगानीको प्रत्याभूति

हाम्रा दुई छिमेकीहरू, भारत र चिन, उदाउंदो शक्तिको रूपमा विश्व रंगमंचमा अगाडि आई रहंदा हामी यथास्थितिमा रहि रहन सक्दैनौं। सिंगो नेपाल र नेपाली डायस्पोरा समृद्ध नेपाल अभियानका लागि कटिवद्ध छौं। नेपाल समृद्ध भए मात्र नेपालीको इज्जत र प्रतिष्ठा अभिवृद्धि हुन्छ। त्यसैले आर्थिक पक्षमा मात्रै हैन संसार भरि फैलिएका गैर आवासीय नेपालीहरूसंग रहेको स्रोत, सीप, क्षमता र सम्पर्क नेपालको सामाजिक तथा आर्थिक उन्नतिको लागि बौद्धिक तथा आर्थिक लगानी मार्फत भित्र्याउन मेलै ठोस कार्ययोजना सहित पहल गर्नेछु।

### २. मर्यादित तथा सुरक्षित वैदेशिक रोजगार: देश निर्माणको आधार

नेपाल सरकार, विदेशस्थित कूटनीतिक निकायहरू तथा गैरआवासीय नेपालीहरूको विश्वव्यापी संजा( लबीच सहकार्य गरी वैदेशिक रोजगार क्षेत्रलाइ मर्यादित र सुरक्षित बनाउनेतर्फ मैले निम्न लिखित कामहरू गर्नेछु।

- **पसिना फन्ड** : खाडी राष्ट्रहरू, मलेसिया लगायतका मुलुकमा काम गरिरहेका नेपालीहरूको बचत नेपालको नवनिर्माणमा प्रयोग हुने गरी एउटा कोष खडा गर्न प्रस्ताव गर्ने छु। "पसिना फन्ड" नामक सो कोषमा जम्मा भएको रकम नेपालको हितका साथै लगानीकर्ता लाई पनि मुनाफा हुने गरी आकर्षक योजनामा लगानी गरिने छ। कोषको संचालन पारदर्शी र प्रभावकारी ढंगले गरिने छ।
- आगामी दुई वर्ष भित्र वैदेशिक रोजगार राहत कोषलाई कम्तिमा दोब्बर गर्ने छु।
- वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूको समस्या बुझ्न र समाधानको पहल गर्न एनआरएएनए हटलाइनको व्यवस्था गर्नेछु।
- एनआरएन सीप विकास केन्द्र (NRNA Skill Development Centre) को स्थापना गर्न पहल गर्नेछु।
- विदेशमा काम गरेर फर्केका नेपालीहरूको संजाल बनाई उहाँहरूसंग रहेको सीप, स्रोत र

ज्ञान नेपालको विकासमा लगाउन पहल गर्ने छु ।

## ३. झन्झटमुक्त गैरआवासीय नेपाली नागरिकता: अहिलेको आवश्यकता

नागरिकता निरन्तरता को मागलाई निरन्तरता दिँदै संसदीय प्रकृयामा रहेको विधेयकलाई नेपालको संविधान र गैरआवासीय नेपाली समुदायको भावना अनुरुप निष्कर्षमा पुर्याउन निर्णायक पहल गर्नेछु । यो प्रक्रियालाई सरल र छिटोछरितो बनाउनुका साथै गैरआवासीय नेपाली नागरिकता को आधारमा छुट्टै पासपोर्ट उपलब्ध गराउने व्यवस्था मिलाउन मैले पहल गर्नेछु ।

- नेपाली नागरिकको हैसियतको हाम्रो नेपालको सम्पत्ती गैरआवासीय नेपाली नागरिकता पाएपछि पनि सुरक्षित हुनेछ भन्ने प्रस्ट खुलाउन पहल गर्नेछु ।
- समान पेन्सनका साथै आफ्ना वयस्क छोराछोरीलाई बेलायत ल्याउन दिनु पर्ने भूत पूर्व गोर्खा सैनिकहरूको मागमा मेरो पूर्ण समर्थन छ । हाल बेलायतमा बसोबास गरीरहेका गोर्खा सैनिकहरूको नेपाली नागरिकता कायमै रहने निर्णय गर्न नेपाल सरकार तथा प्रमुख दलहरूसंग मैले पहल गर्ने छु ।
- यी सबै विषयहरू समेट्ने गरी नयाँ आइसीसी चुनिएको १०० दिन भित्र "गैरआवासीय नेपाली सम्बन्धी अध्यादेश २०७६" तयार गरी नेपाल सरकारलाई बुझाइनेछ। यो विषयको गम्भीरतालाई बुझी यथाशीघ्र अध्यादेश जारी गर्न हरसम्भव पहल गर्ने छु।

## ४. नेपालमा लगानी: उन्नतिको बिहानी

- गैरआवासीय नेपाली लगानीकर्ताहिरू बाहेक एनआरएनएका सदस्यहरूको सम्पर्क र सम्बन्ध लाई उपयोग गर्दै विदेशी लगानीकर्ताहिरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्नेछु ।
- बढी भन्दा बढी मुलुकहरूसंग द्धीपक्षीय लगानी प्रवर्द्धन तथा परियोजना सहमति (BIPPA) एवं दोहोरो करमुक्ति सम्झौता (DTAA) जस्ता सम्झौताहरू गर्न नेपाल सरकारसँग सहकार्य गर्न संस्थागत पहल गर्ने छु ।
- नेपालका सबै नियोगहरूमा एनआरएनए एनसीसीहरूलाई पनि समावेश गरी स्थाई प्रकृतिको "आर्थिक कूटनीति समिति" बनाउन परराष्ट्र मन्त्रालयलाई आग्रह गर्ने छु।
- गत मार्च महिनामा काठमाडौंमा सम्पन्न नेपाल लगानी सम्मेलनमा एनआरएनए र नेपाल सरकारबीच रू ८स अर्ब बराबरको गैरआवासीय नेपाली संघ लगानी कोष स्थापना गर्ने सहमतिपत्रमा हस्ताक्षर भए अनुरूप नयाँ समिति निर्वाचित भएको एक महिना भित्र संयन्त्र बनाइ काम अगाडि बढाउने छु ।

## ५. "ब्रेन ड्रेन" बाट "ब्रेन गेन" तर्फ

हालै नेपाल सरकारले परराष्ट्र मन्त्रालय अन्तर्गत "ब्रेन गेन सेन्टर" स्थापना गरेको छ, जुन सकारात्मक छ । गत वर्ष संघको आयोजनामा काठमाडौंमा आयोजित पहिलो विश्व ज्ञान सम्मेलनका सिफारिशहरूलाई कार्यान्वयन गर्न नेपाल सरकारसंग सहकार्य गर्नेछु। यसैगरी गैरआवासीय नेपाली संघअन्तर्गत गत वर्ष स्थापित नेपाल पलिसी इन्स्टीच्युटलाई स्रोत-साधन सम्पन्न बनाई नेपाल सरकारले प्राथमिकता तोकेका क्षेत्रमा सरकारसंग सहकार्य गरी थप प्रभावकारी बनाउने छु । त्यसैगरी एउटा प्रभावकारी एनआरएनए एकेडेमी स्थापना गर्न पहल गर्ने छु ।

## ६. संस्थागत सुधार: भिजन २०२० एण्ड बियोंड

आदरणीय पूर्व अध्यक्ष डा. शेष घलेको कार्यकालमा तयार पारिएको तथा एनआरएनए आइसीसी द्वारा पारित "भिजन २०२० एण्ड बियोंड" अवधारणापत्रलाई अनुसरण गर्दै चरणवद्धरुपमा कार्यान्वयन गर्नेछु। आगामी २ वर्ष भित्र सदस्य संख्या कम्तिमा एक लाख पुराउन विशेष अभियान संचालन गर्ने छु। यसैगरी केन्द्रीय सचिवालयलाई थप व्यवस्थित बनाउने छु। संघका एनसीसी तथा सदस्यहरूद्वारा गरिने सबै कल्याणकारी कामहरू एनआरएनए फाउन्डेशन मार्फत हुने व्यवस्था मिलाउने छु। MIS सूचना प्रणालीलाई अरू बढी व्यवस्थित र पारदर्शी बनाउने छु। एनसीसी तथा आइसीसीमा समेत नेतृत्व चुन्न अनलाइन भोटिंग प्रणाली शुरू गर्न प्रोत्साहन गर्ने छु। नेपाल पलिसी इन्स्टीच्युटले सार्वजनिक नीतिसंग सम्बन्धित जनचासोका विषयहरू तथा विकल्पका बारेमा नेपाल तथा नेपाली डायस्पोरालाई सुसूचित गरी छलफलमा समेत ल्याउन सक्ने गरी उपयुक्त वातावरण निर्माण गर्न सघाउने छु। अन्तर्राष्ट्रिय स्तरमा नेपाल र नेपालीको राष्ट्रिय स्वाभिमान तथा इज्जत र प्रतिष्ठा अभिबृद्धि गर्ने तथा विदेशमा हुर्किरहेका दोस्रो तथा युवा पुस्तालाई नेपाल र नेपाली भाषा, सभ्यता र संस्कृतिसंग जोड्नु मेरो उच्च प्राथमिकता हुनेछ। त्यसका लागि आगामी दुई वर्ष भित्र विश्व समन्वय समिति, केन्द्रीय सचिवालय तथा सबै राष्ट्रिय समन्वय समितिहरूसंग सहकार्य गरी कार्यान्वयन गर्नेछु।

## ७. युवा तथा महिला: सबै आयोजनमा पहिला

संस्थागत रूपमै नेतृत्व तहमा महिलालाई पुर्याउन म प्रतिवद्ध छु। संघका सबै कार्यक्रमहरूमा प्रवासी महिलासंग सम्वद्ध विषयहरूलाई प्राथमिकता दिनेछु।

यसैगरी गैरआवासीय नेपालीको दोस्रो पुस्तालाई नेपालसंग भावनात्मकरूपमा जोड्न मैले निम्न कार्यक्रम ल्याउने छु।

- "नेपाल चिनौं" अभियान: (विदेशमा जन्मिएका र हुर्किएका किशोर किशोरीहरूलाई नेपाल लाने तथा नेपालमा स्वयंसेवा गर्न प्रोत्साहित गर्ने)
- "नेक्स्ट जेन" अभियान: (हरेक एनसीसीले आफु कार्यरत मुलुकमा युवा, विद्यार्थीको हितका लागि रचनात्मक कार्यक्रम ल्याउने र त्यसको नेतृत्व युवा फोरमलाई दिने)
- "एनआरएनए युवा तारा" अभियान: (सबै एनसीसीहरूलाई विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गरेका ३५ वर्ष मुनिका युवाहरूलाई सम्मान गरी एनआरएन अभियानसंग आवद्ध गर्ने)
- युवाहरूको उर्जा, सोंच र उद्यमशीलतालाई गैरआवासीय नेपाली अभियानसंग जोड्नुका साथै प्रवासमा रहेका युवाहरूले आफु कार्यरत मुलुक तथा नेपालमा संचालन गरिरहेका कल्याणकारी परियोजनाहरूलाई सक्दो सहयोग पुराउन एउटा संयन्त्र बनाउने छु।
- विदेशमा रहेका एनआरएन खेल प्रतिभाहरूको विकासमा सघाउनका लागि एनआरएनए खेलकुद प्रतिष्ठान स्थापना गर्न पहल गर्ने छु।

## ८. सडक सुरक्षा: जीवन रक्षा

विश्व स्वास्थ्य संगठनको तथ्यांकलाई आधार मान्दा औषत करीव १३ नेपालीको प्रत्येक दिन सडक दुर्घटनामा ज्यान गइरहेको छ। उक्त समस्या समाधान गर्न गैरआवासीय नेपाली संघले सडक सुरक्षाक( ।लागि नेपाल सरकारसंग सहकार्य गर्दै आएको छ। त्यस्तो सहकार्यलाई थप उपलब्धिमूलक बनाउन योजनावद्ध रूपमा काम गर्ने छु।

## ९. पर्यटन प्रबर्द्धन: हाम्रो मिशन

नेपाल सरकारले घोषणा गरेको नेपाल पर्यटन बर्ष २०२० लाई सफल बनाउन पर्यटन सम्बन्धी कार्यक्रम हरू आयोजना गर्न सबै एनसीसीहरूलाई प्रोत्साहित गर्नेछु। संघकोतर्फबाट हरेक मुलुकमा सम्बन्धित एनसीसीका अध्यक्षलाई नै पर्यटन दूत घोषणा गरी नेपाल सरकार, नेपाल पर्यटन बोर्डसंग समन्वय गरी प्रभावकारी कार्यक्रमहरू कार्यान्वियन गर्नेछु।

## १०. मातृभूमिमा समृद्धि, कर्म भूमिमा संस्कृति

जहाँ बसे पनि हामी नेपाली हौं। नेपाली भाषा, भेष, साहित्य, संस्कृति, कला हाम्रा पहिचान हुन्। त्यसैले नेपाली भाषा, साहित्य, संस्कृति र कलाको संवर्द्धन तथा प्रवर्द्धन गर्न मेरो कार्यकालमा निम्न लिखित कार्यहरू गर्नेछु

- "जोगाऔं भाषा, जोगाऔं संस्कृति" भन्ने मूल सन्देश सहित विश्वका विभिन्न प्रतिष्ठित विश्वविद्यालयहरूमा नेपाली र नेपालका अन्य भाषा तथा साहित्यका विषयमा भएका अध्ययन तथा अनुसन्धानको खोज गरी त्यस्ता प्राज्ञिक गतिविधिलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने।
- खास गरी प्रवासमा हुर्की रहेका हाम्रा नानीहरूलाई नेपाली भाषाप्रति रूचि जगाउन "घर भित्र बोलौं नेपाली" अभियान संचालन।
- प्रवासमा नेपाली कक्षा संचालन गर्नका लागि गतिलो पाठ्यक्रम, पाठ्यपुस्तक र मोबाइल एप्स निर्माण गर्न केन्द्रबाट पहल गर्ने छु।
- मेरै नेतृत्वमा नेपाल पत्रकार महासंघ बेलायत शाखासंग सहकार्य गर्दै एनआरएनए अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार कोष बेलायतबाट स्थापना भएको थियो। ढुई वर्ष भित्र सो पुरस्कारको रकम दोब्बर गर्ने छु।
- प्रवासमा नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षणमा महत्वपूर्ण योगदान दिने व्यक्ति, संस्था वा अभियानलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संघ का एनसीसी हरूसंग सहकार्य गरी आगामी एक वर्ष भित्र केन्द्रीयस्तरमा प्रतिष्ठित "एनआर-एनए भाषा-साहित्य पुरस्कार कोष" को स्थापना गर्नेछु।

उपरोक्त कार्ययोजनाहरू बाहेक गैरआवासीय नेपाली संघले गोर्खाको लाप्राकमा शुरू गरेको नमुना आवास आयोजनालाई सम्पन्न गरी स्थानीय समुदायलाई हस्तान्तरण गर्न मैले पहल गर्ने छु। संघद्वारा संचालित सबै परियोजनाहरूको समीक्षा गरी तिनलाई समयमै सम्पन्न गर्न र दिगो एवं प्रभावकारी तुल्याउन निर्देशन दिनेछु। "हाम्रो एनआरएन, राम्रो एनआरएन" भन्ने यस अभियानमा विगत जस्तै तपाई सबै साथीहरूको सुझाव, सल्लाह र समर्थनका लागि हार्दिक अनुरोध गर्दछु।

जय गैरआवासीय नेपाली समुदाय !

**कुल आचार्य**
उपाध्यक्ष, एनआरएनए आइसीसी
तथा २०१९-२१ का लागि गैरआवासीय नेपाली संघको केन्द्रीय अध्यक्ष पदका उम्मेदवार
लन्डन, सेप्टेम्बर २०१९

# मेरो उम्मेदवारी किन ?

- एनआरएनएलाई प्रत्येक प्रवासी नेपालीको साझा संस्था बनाउन
- गैरआवासीय नेपाली संघलाई सशक्त, समावेशी र गतिशील बनाउन
- मध्य पूर्व तथा मलेसियालगायतका देशमा कार्यरत नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरूको सुरक्षित आप्रवासन र रोजगारीको सुरक्षाका साथै मर्यादित र व्यवस्थित वैदेशिक रोजगार सुनिश्चित गर्न
- संसदमा विचाराधीन गैरआवासीय नेपाली नागरिकता विधेयकलाई संविधानको भावना तथा सम्पूर्ण गैरआवासीय नेपाली समुदायको चाहनाअनुसार पारित गराउन ठोस भूमिका निर्वाह गर्न
- संसारभरि फैलिएका नेपालीहरूको सीप, क्षमता, आर्थिक तथा बौद्धिक लगानी मातृभूमिमा भित्र्याउन
- मातृभूमिको विकास र समृद्धिका लागि नेपाल सरकारसंग निकट सहकार्य गरी प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन


www.kulacharya.com

https://www.facebook.com/kularcharya/

@kulacharyanrna

kulacharya335@gmail.com